ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

# राजनीतिक परिवर्तनमा प्रगतिशील गीतः नेपाली मिडियाको दृष्टिकोण (वि.सं. २०७३-२०७८)

**टीकाप्रसाद भण्डारी***

*Corresponding Author: tikabhandariedu073@gmail.com

**Citation:** भण्डारी, टीकाप्रसाद (2022). राजनीतिक परिवर्तनमा प्रगतिशील गीत : नेपाली मिडियाको दृष्टिकोण (वि.सं. २०७३-२०७८). *Journal of Fine Arts Campus, 4*(2). 56-65. https://doi.org/10.3126/jfac.v4i2.54831

**लेखासार**

समाजको आधुनिकीकरण परिवर्तनको सबैभन्दा महत्वपूर्ण प्रक्रिया हो, जसमा सामाजिक, आर्थिक, राजनैतिक, मनोवैज्ञानिक सबै किसिमका परिवर्तनहरु गाँसिएका हुन्छन् । पञ्चायतकालमा प्रगतिशील गीत र नेपाली मिडिया एक अर्काबीच पुरक रहेका थिए । दुबैले प्रजातन्त्रको पुनःस्थापना लागी राजनैतिक दलहरूको उद्धेश्यलाई सघाएका थिए । यी दुईको सम्बन्ध प्रजातन्त्रपछि पनि अन्नोन्याश्रित छ । यसै सन्दर्भमा राजनैतिक परिवर्तन वि.सं. २०४६, २०६२/६३ मा प्रगतिशील गीतले व्यवस्था विरोधी आन्दोलनमा खेलेको भूमिका र त्यस उपर नेपालका स्वतन्त्र नेपाली छापा तथा अनलाइन मिडिया (वि.सं. २०७३-७८) द्वारा प्रकाशित गरिएका सामग्रीहरूको समाचारीय कोणको पहिचान गर्ने कार्य गरिएको छ। राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको भूमिकाको समीक्षा गर्नु र त्यसउपर मिडियाले लिएको समाचारीय दृष्टिकोणको विवेचना गर्नु प्रस्तुत लेखको मूल उद्धेश्य हो । यस लेखले पञ्चायती शासनकालमा राजनैतिक परिवर्तनलाई मूल एजेण्डा बनाएका प्रगतिशील गीत र मिडियाको सम्बन्धलाई उजागर गरेको छ । प्रस्तुत अध्ययनमा विश्लेषणात्मक एवम् वर्णनात्मक विधि अपनाइएको छ ।  प्रजातान्त्रिक आन्दोलनमा प्रगतिशील गीतको भूमिकाका बारेमा अध्ययन गर्न चाहने अध्येताहरूका लागि यो अध्ययन बढी उपयोगी हुने अपेक्षा गरिएको छ । प्रजातन्त्रको पुनः स्थापना, र गणतन्त्रको स्थापनामा प्रगतिशील गीतले महत्वपूर्ण सहयोगी औजारको रूपमा भूमिका खेलेको र नेपाली मिडिया पनि त्यसको पुरक भूमिकामा रहेको थियो भन्ने शोध निष्कर्ष प्रस्तुत गरिएको छ ।

**शब्दकुञ्जी :** प्रगतिशील गीत, सङ्घर्ष, सञ्चारदृष्टि, प्रजातान्त्रिक आन्दोलन, राजनीतिक परिवर्तन ।

## परिचय

वि.सं. २०१७ पुस १ गते संसदीय प्रजातान्त्रिक व्यवस्थालाई 'कू' गरी मुलुकमा पञ्चायती व्यवस्था लागु भए पछि राजनीतिक दल र तिनका वर्गीय सङ्गठनलाई अवैध घोषणा गरियो । "शासन सत्ता हातमा लिइसके पछि सञ्चार माध्यमबाट आफ्नो हितका कुरा मात्र जन मानसमा जाउन् भनेर राजा महेन्द्र र उनका प्रचारकहरू लागि परे । बहुदलीय व्यवस्थाका प्रवर्तकहरूको विचार सम्प्रेषणमा कडा सेन्सर लगाइयो"(बराल, सन् १९७५) । राजनीतिक दलका नेताहरूलाई कारावासको सजाय दिँदै विरोधीहरूलाई निषेध गर्ने क्रममा प्रगतिशील गीतहरूमाथि समेत प्रतिबन्ध लगाइयो । "कवि, कलाकार, श्रष्टाहरू र स्वतन्त्र पत्रकार तथा पत्रिका माथि समेत नियन्त्रण र कडा नियमन गर्न थालियो । यस क्रममा राज्यको एकमात्र राष्ट्रिय प्रसारण माध्यम रेडियो नेपालमा पञ्चायत इतरका चेतनाका गीत सङ्गीत प्रतिबन्धमा परेका थिए । २०१७ पौष २२ गते शाही घोषणामार्फत राजनीतिक पार्टीहरूमा प्रतिबन्ध लागेसंगै दलगत उद्धेश्यले प्रेरित प्रकाशनहरूलाई पनि निषेध गरियो । "नेपालको संविधान, २०१९ ले पनि राजनीतिक दल वा दलगत राजनीतिक उद्धेश्यले प्रेरित भएका सङ्गठन, सङ्घ र संस्था खोल्न, खोलाउन वा चलाउन नपाइने व्यवस्था गरी 'सार्वजनिक हित'को निमित्त भन्दै मौलिक हकको प्रयोगमा पनि नियन्त्रण गर्ने व्यवस्था भयो," (राष्ट्रिय आम सञ्चार नीति, वि.सं. २०७३) । हिमाल खबर अनुसार- "त्यो बेला राल्फाका गीतहरु रामेश-रायन, मञ्जुल, श्याम तमोट आदिका गीत-सङ्गीत पञ्चायती बन्दमा परे,"(वि.सं. २०७५ साउन २) । "भरखर राजा महेन्द्रले सक्रिय शासन सुरु गरेका थिए । त्यसैले वनको राजा कुसुण्डालाई हजुर भन्नु पर्‍यो भन्ने हरफले गीत अड्कियो । सेन्सरले यसैलाई विरोध र विद्रोहको विम्ब मान्यो । ३-४ बर्ष रेडियो नेपालमा गीत गाएका उनीहरुको रेडियोबाट आउने पारिश्रमिक पनि रोकियो,"(बार्हखरी, वि.सं. २०७६) ।

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

"पञ्चायत समर्थकहरूका अभिव्यक्तिहरूलाई प्रोत्साहित गर्दै पञ्चायत इतर राजनीतिक दल र बहुदलीय व्यवस्थाका समर्थकहरूका विचारहरू माथि सेन्सरसिप लगाइएको थियो,"(Chauhan, 1971: 57) . उक्त कार्यले नेपालको प्रगतिशील गीतलाई समेत प्रतिबन्ध लगायो ।

पञ्चायतकालमा प्रतिबन्धमा परेका प्रगतिशील गीत के हुन् ? प्रश्न उठ्छ । नेपाली सङ्गीतका विभिन्न विधाहरू मध्येको एउटा विधा प्रगतिशील गीत हो । प्रगतिशील गीत तात्कालीन पञ्चायती व्यवस्था (वि.सं. २०१७-४६ ) को विरूद्धमा गाइएको हुनाले पञ्चायतकालमा रेडियो नेपालबाट प्रसारण भएनन् । तर राल्फा, संकल्प परिवार, वेदना परिवार, रक्तिम परिवार, आस्था परिवार लगायतका प्रगतिशील साङ्गीतिक संस्थाहरूले गाउँ गाउँमा 'गीति कार्यक्रम' गरेर ती गीतलाई व्यवस्थाका विरुद्ध राजनैतिक चेतनाको अश्त्र बनाएका थिए । प्रगतिशील गीत राजनैतिक उद्धेश्यबाट परिलक्षित भई खासगरी मार्क्सवादी विचार, सिद्धान्त वा आस्थाका आधारमा रचना गरी गाइएका थिए । प्रगतिशील गीतको अर्थ प्रगति गर्नमा तत्पर रहने, श्रमप्रति आस्था जगाउने, श्रमजीवी, शोषित, पीडित जनताको पक्ष लिने, जनताको हितमा भएका राजनीतिक आन्दोलनहरूको पक्षपोषण गर्ने र मार्क्सवादी चेतनालाई फैलाउने जनपक्षीय गीतका रूपमा बुझिन्छ । नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा प्रकाशित नेपाली बृहत् शब्दकोशका अनुसार प्रगतिशीलको अर्थ समाजको उत्तरोतर विकासमा विश्वास गर्ने, मार्क्सवादी सिद्धान्तनुसार सामाजिक प्रगतिमा विश्वास गर्ने, प्रगतिशीलताको अर्थ प्रगतिशील हुने गुण, स्वभाव र प्रक्रिया, मार्क्सवाद प्रवाहित साहित्य सिद्धान्त, (पराजुली सम्पा., वि.सं. २०७५: ८१३) भनिएको छ । उक्त भनाइका आधारमा मार्क्सवादी विचारधाराबाट प्रेरित भई गाइएका, सामाजिक-राजनैतिक परिवर्तन पक्षधर गीतहरू प्रगतिशील हुन् भन्न सकिन्छ । प्रगतिशील गीत राजनैतिक उद्धेश्यबाट परिलक्षित मार्क्सवादी चेतनाका आधारमा रचना गरिएका, उक्त सोचका आधारमा गाइएका विचार, भाव, लय, र सङ्गीतका धूनहरू हुन् भन्न सकिन्छ । नेपालको राजनीतिक परिवर्तनका आन्दोलनहरू मध्ये वि.सं. २०१७, २०४६ र २०६२- ६३ का आन्दोलन, जन आन्दोलनमा ती गीतहरूले जनतालाई व्यवस्थाका विरुद्धमा सचेत, सूचीत, जागृत, गोलबन्ध गर्ने, राजनैतिक चेतना भर्ने काम गरेका थिए । ती  गीतहरूले राजनैतिक परिवर्तनमा खेलेको भूमिकासम्बन्धमा नेपाली सञ्चार विकासको पछिल्लो विद्युतिय चरण (वि.सं. २०७३-७८) का मिडियाहरूले तत्तत् गीतको भूमिकाका सम्बन्धमा के कस्तो समाचार दृष्टिकोण तयार पारेका थिए भन्ने कुरालाई यस लेखमा विश्लेषण गरिएको छ ।

यस लेखमा मिडियाले उल्लेख गरेका विषय, कलाकार, गीत, घटना आदि केवल प्रगतिशील गीतसंग मात्र सम्बन्धित छन् । अरू गीतका सम्बन्धमा सन्दर्भ समावेश छैनन् । यस्ता प्रगतिशील गीतलाई जनताका गीत, क्रान्तिकारी गीत, जनवादी गीत, जन गीत, र गीत विभिन्न शब्दले मिडियाले संवोधन गर्ने गरेका छन् । ती गीतका केही उदाहरणहरू समेत हेर्न सकिन्छ । जस्तै- गाउँ गाउँबाट उठ, बस्ति बस्तिबाट उठ, यो देशको मुहार फेर्नलाई उठ (तमोट, वि.सं. २०४७: ३), कोही त भने जहाजमा हरर कोही त भने पसिना तरर हाम्रो नेपालमा (मञ्जुल, रामेश, २०४७: ७५), आमा दिदी बैनी हो कति बस्छौ दाशी भई सुखको सधैं प्यासी बनेर, (टुहुरे, वि.सं. २०४७: १८), कालो धन थुपारेर ढल्की हिंड्नु भन्दा, हलो जोत्नु गिटी कुट्नु, होला राम्रो धन्दा, (शर्मा, सन् २०२०), रक्त क्रान्तिको ज्वालामुखीमा आज उठेको यो बलिदान, (मिश्र, विसं २०४७: २), मार्क्सवाद यो अजेय हतियार, विश्व सर्वहाराको, मुक्तिको (मञ्जुल, २०४७: १), हामीले गाउने गीत मजदुरहरूको (मञ्जुल वि.सं. २०४४: १६०), एक जुगमा एकदिन एकचोटी आउँछ (रिमाल, वि.सं. २०४९: ८८) आदि केही  प्रगतिशील गीतका नमुना हुन् । राजनीतिक दलहरू भूमिगत अवस्थामा रहेका बेला हज्जारौंको संख्यामा रहेका यस्ता प्रगतिशील गीतहरू गाउँ गाउँमा गीति कार्यक्रम गरी जनतालाई सुनाउँदै त्यसैको आडमा, प्रभावमा तत्कालीन कम्युनिष्ट पार्टीहरूले पार्टी सङ्गठन् निर्माण र जनमत निर्माण गर्ने काम गरेका थिए । अन्तत: ती गीतले आर्जन गरेको शक्ति र जनमत वामपन्थी सम्वद्ध पार्टीहरूमार्फत प्रजातन्त्रको पुनर्स्थापनाको आन्दोलन, र दोस्रो जन आन्दोलनमामा जोडिन पुगेको थियो । जसको कारणले गर्दा समाजमा राजनैतिक चेतना, वर्गीय चेतना ल्याउने काम गरेका थिए ।  राजनैतिक परिवर्तनका निम्ति वि.सं. २०४६ को परिवेशमा नेपालका चर्चामा रहेका प्रगतिशील गायकहरूमा रामेश श्रेष्ठ, मञ्जुल, रायन, जेबी टुहुरे, शम्भु राई, जीवन शर्मा, खुसिराम पाखिन आदि सयौं कलाकारहरू क्रियाशील रहेका थिए । यी र यस्तै प्रकृतिका प्रगतिशील गीतहरू माथि त्यसबेला ती गीतले खेलेको भूमिका र ती श्रष्टाहरूका सम्बन्धमा नेपालको सूचना प्रविधिको सबैभन्दा पछिल्लोकालखण्डका मिडियाको दृष्टिकोण हेर्ने जमर्को गरिएको छ ।

अध्ययनका लागि वि.सं. २०७३ -७८ को सिमांकनको आधार मिडियाको विद्युतीयचरणलाई केन्द्रित गर्न खोजिएको हो र ऐतिहासिक विषयवस्तुलाई नयाँ परिवेशका मिडियाको दृष्टिकोणबाट हेर्न खोजिएको छ ।

**उद्धेश्यः**

यो लेखको प्रमुख उद्धेश्य नेपालमाा विभिन्न समयमा भएका राजनीतिक परिवर्तन मा प्रगतिशील गीत भूमिका र त्यस्का सम्बन्धमा नेपाली मिडिया(वि.सं. २०७३-७८)को समाचारीय दृष्टिकोण पहिल्याउनु र समीक्षा गर्नु रहेको छ ।

**अनुसन्धान विधि**

प्रस्तुत अध्ययनमा विश्लेषणात्मक एवम् वर्णनात्मक विधि अपनाइएको छ । प्राथमिक तथ्य सङ्कलनका लागि अन्तर्वार्ता र पुस्तकालयीय अध्ययन पद्धतिबाट तथ्य सङ्कलन गरी छापा माध्यम तथा समाचार सम्प्रेषणको पछिल्लो विकसित सुचना प्रणालीका स्रोतहरूको अध्ययन गरिएको छ । तथ्यहरूको निर्माणमा अन्तर्वार्ता, अवलोकन र दस्तावेजहरूको अध्ययनलाई समेत आधार बनाइएको छ । अध्ययन मिडिया दृष्टिकोणमा आधारित रहेकोले ऐतिहासिक घटनाका बारेमा विश्लेषणात्मकरूपमा लेखिएका न्युज फिचर, न्युज स्टोरी, अबिच्युरी, अन्तर्वार्ता, समीक्षालाई प्राथमिकतामा राखिएको छ, तर केही विचारहरू परिष्कृत गर्न फरक कालखण्डका केही सामग्रीको तथ्य स्रोतलाई समेत आधार बनाइएको छ । प्रस्तुत अध्ययनका निम्ति  छानिएका पत्रपत्रिका र अनलाइन मिडियाहरूको नमुना छनौट गर्दा सम्भावना या सम्भावना नमुना छनौट (Non-Probability Sampling) विधिको प्रयोग गरिएको छ । यसमा अनुसन्धान विषयवस्तु र मिडियाको बारेमा सम्पूर्णको प्रतिनिधित्व र समग्रता आउने गरी अनुसन्धानकर्ताको उद्धेश्य पुरा हुने खालका, नेपाल सरकारद्वारा मान्यता प्राप्त, आधिकारिक र विश्वसनीय पत्रपत्रिका र अनलाईन मिडियाका केही केही सामग्रीहरूको अध्ययन गरिएको छ ।

**राजनैतिक परिवर्तनमा प्रगतिशील गीतः मिडिया दृष्टिकोण**

राजनीतिक आन्दोलन मूलतः राजनीतिक चेतनाकै जगमा नै अघि बढ्ने गर्दछ । राजनीतिक चेतना बिना राजनैतिक परिवर्तन प्रायः असम्भव नै हुन्छ ।  पञ्चायती व्यवस्थाको स्थापनापछि त्यसका विरूद्धमा भूमिगत राजनीतिक दलहरूले राजनीतिक चेतना अभिवृद्धिको आधार संस्कृति र साहित्यलाई बनाएका थिए । राल्फा, वेदना, संकल्प, आस्था, रक्तिम परिवार लगायतका प्रगतिशील कलाकारहरूले गाउँ गाउँमा जनचेतना र जागरण ल्याएका थिए । त्यसले दलीय राजनीतिक चेतना विस्तारमा टेवा पुगेको थियो । उक्त कुरालाई पछिल्ला सञ्चार माध्यमले पनि समाचार सामाग्रीका रूपमा प्रकाशित गरेको पाइन्छ ।

पञ्चायतकालमा राजनीतिक दलहरू प्रतिबन्धित अवस्थामा थिए । धैरैजसो नेताहरू जेल र निर्वाशनमा थिए । पञ्चायतको उनीहरूमाथि कडा दमन थियो । त्यसले जनतासंग राजनीतिक दलहरूको दुरी कायम भएको थियो । त्यस्तो प्रतिकूल राजनैतिक अवस्थामा प्रगतिशील गीत गाउँमा राजनैतिकचेतना प्रवाहगर्ने वैकल्पिक माध्यम बन्नपुगेको थियो । रामेश भन्छन्- "वि.सं. २०४६ सालको आन्दोलनले सफलता पाउनुमा बामपन्थी पार्टीलाई जनवादी कलाकारहरूको ठूलो साथ र सहयोग थियो । वास्तवमा जनवादी गीत-सङ्गीतकै माध्यमबाट हाम्रो पार्टी (नेपाल कम्युनिस्ट पार्टी) स्थापना भएको हो भन्दा फरक पर्दैन," (बुधबार साप्ताहिक, वि.सं. २०७४) । गीत सङ्गीतको माध्यमबाट कम्युनिष्ट पार्टीको उदयमा सहयोग पुग्नु भनेको गीतको चेतना शक्तिकै कारण हो भन्न सकिन्छ । त्यसले उमारेको चेतना र विचारले मानिसहरूलाई प्रभावित गर्दा गीत बामपन्थीकरणको प्रक्रियाको सहयोगी अङ्ग बन्न पुगेको हो । "राजनीतिक भाषामा प्रगतिशील भनिने गीतहरुलाई पञ्चायती व्यवस्थाविरुद्धको सशक्त हतियार मानिन्थ्यो, पछि गएर यसलाई वामपन्थी आन्दोलनको स्वरकै रूपमा समेत लिन थालियो' (भट्टराई, सन् २०१९) । ती गीत पञ्चायती व्यवस्थाविरूद्धको हतियारका रूपमा थिए भनिनुले ती गीत भित्रको राजनैतिक चेतनालाई नै दर्शाउँदछ । गुरागाई भन्छन्- "नेपालका हर राजनीतिक परिवर्तनमा कलम र बाजा संगसंगै लिएर हिंड्ने तमोट जस्ता सांस्कृतिककर्मीहरुले गाउँलाई ब्युँझाउँदै जनताका दुःख सुखमा सहभागी हुँदै सामाजिक वास्तविकतालाई उजागर गरेका थिए । उनीहरूका गीत वि.सं. २०३६/३७ र २०४६ को आन्दोलन र जन आन्दोलनकै क्रान्ति गीत बने र जनआन्दोलनलाई समेत ती गीतले उचाले," (नवयुग वि.सं. २०७३) । उक्त भनाई पञ्चायतकालीन समयमा भएको राजनीतिक परिवर्तनको आन्दोलनसंग सम्बन्धित छ । उक्त आन्दोलनमा तमोटजस्ता असंख्य प्रगतिशील गीति अभियन्ताहरूले  चेतना, जागरणको माध्यमबाट आन्दोलन उठाउनमा सघाउ


email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

पुर्याएको विषयवस्तुलाई मिडियाले न्युज रिपोर्ट बनाएको देखिन्छ। "कुनै समय यस्तो पनि थियो जब जेवी टुहुरे, रामेश र रामकृष्ण दुवालहरुले गीत गाउँथे प्रशासन पनि डराउँथ्यो,"(कान्तिपुर, वि.सं. २०७८)। शासन सत्ता गीतसंग डराउनुको अर्थ त्यसले प्रवाह गरेको चेतना र त्यसले व्यवस्था परिवर्तनमा पारेको दबाब र प्रभाव हो भन्न सकिन्छ। यस्ता चेतनामूलक कार्यक्रमहरूमा ती श्रष्टाहरूको प्रत्यक्ष संलग्नता रहेकोतर्फ उक्त मिडियाको समाचारीय कोण निर्मित देखिन्छ। नेपालको राजनैतिक परिवर्तनमा गीतको भूमिकाका सन्दर्भमा गणतन्त्र प्राप्तिपछिको अवस्थामा समेत धेरै सामग्रीहरू प्रकाशनमा आएका देखिन्छन्। पञ्चायती व्यवस्थाविरूद्ध ती गीतले जनतालाई परिवर्तनप्रति आशा र उत्सुकता जागृत र भविष्यदृष्टि सञ्चार गर्ने काम गरेका कुराहरू मिडियाका रिपोर्टहरुमा छन्।

> *From the 1979 student protests, the 1990 Jana Andolan, the 2006 People's Movement to the 2019 Guthi Bill protests, whenever people took to the streets to hold the establishment to account, they sang 'Gaun Gaun Bata Utha'. It has become the go-to revolutionary song in the country,"*(Khadgi, The Kathmandu post, 2021).

अर्थात, सन् १९७९ को विद्यार्थी आन्दोलनदेखि, सन् १९९० को जन आन्दोलन, २००६ को जन आन्दोलनदेखि वि.सं.२०१९ गुठी विधेयकको आन्दोलनसम्म जनता व्यवस्थाविरूद्ध सडकमा उत्रिएपछि 'गाउँ गाँउबाट उठ' गाएका थिए, यो देशकै क्रान्तिकारी गीत बनेको थियो भन्ने बुझिन्छ। आन्दोलनमा प्रगतिशील गीतको भूमिकाका सम्बन्धमा मिडिया 'फलो-अप न्युज रिपोर्ट' का रूपमा उक्त भनाई आएको हो। उक्त भनाइले गीत राजनीतिक चेतनाका स्रोतमात्र नभएर क्रान्ति, जोश, उर्जा र त्यसको बलिदानी विचारले आन्दोलन उठाउने माध्यमका रूपमा थियो भनेर बुझ्न सकिन्छ। उक्त गीत पञ्चायतकालमा सर्वाधिक चर्चामा रहेको प्रगतिशील गीत हो। यो वि.सं. २०४६ र २०६२-६३ का जन आन्दोलनहरूमा 'जन आन्दोलन गान'का रूपमा प्रदर्शनकारीहरूले प्रयोग गरेका थिए। *"The song became a protest anthem during the anti–Panchayat protests in 1990, as well as a rallying call for demonstrators during the Second People's Movement in 2006"* (Pant, 2021). अर्थात्, यो गीत सन् १९९० मा पञ्चायत विरोधी विरोध प्रदर्शनको समयमा एउटा विरोध गान बन्यो, साथै सन् २००६ मा भएको दोस्रो जनआन्दोलनको समयमा प्रदर्शनकारीहरुको लागी एक जुलुसको आह्वानको माध्यम बन्यो। यस न्युज रिपोर्टमा जन आन्दोलनका दुवै आयामहरूमा यस्ता क्रान्ति जोश उमार्ने प्रगतिशील गीतको प्रयोगले आन्दोलनमा जनता उराल्न सहयोग पुर्याएको कुराले आन्दोलनमा ती गीतको भूमिका देखा पर्दछ "निरङ्कुश पञ्चायतविरुद्ध जनता जगाउने गीतहरू- एक जुगमा एक दिन, आऊ मिलाऊ हाम्रा हातहरू, सङ्घर्ष हो जीवन, कोही त भने जहाजमा हरर... आदि गीतहरू वि.सं. २०४६ को जनआन्दोलनमा मात्र होइन, राजा फाल्ने वि.सं. २०६२/६३ को अर्को आन्दोलनमा पनि जनता उचाल्ने औजार बने, ऊर्जा बने, कालजयी बने" (अन्नपूर्ण पोष्ट, वि.सं. २०७४)। उल्लिखित अघिल्लो भनाइलाई यस भनाइले समेत पक्षपोषण गर्दछ। सोही पत्रिकाको अर्को अङ्कमा लेखिएको छ-"प्रगतिशीलहरू पञ्चायत फाल्न सक्रिय भए, पञ्चायत गयो। गणतन्त्र ल्याउन सक्रिय भए, गणतन्त्र आयो। समाजलाई गतिशील, जीवन्त र प्रवाहमय तुल्याउन, अझ हरेक राजनीतिक परिवर्तनलाई सम्पुष्ट तुल्याउन त जनवादी सङ्गीतकै हात रहेकोमा सन्देह गर्ने ठाउँ देखिँदैन"। उक्त भनाइबाट पञ्चायत व्यवस्था फाल्न र नेपालमा प्रजातान्त्रिक शासन व्यवस्था ल्याउन प्रगतिशील गीतको उपादेयता रहेको, आन्दोलनमा जनता उचाल्ने, सङ्गठित र गोलबन्द गर्ने कार्यमा गीतले क्रान्ति औजारका रुपमा काम गरेको थियो भन्ने कुरा मिडियाको समाचारीय कोणमा देखा पर्दछ।

**राजनीतिक विषयवस्तुमा केन्द्रित प्रगतिशील गीतका सामग्री**

**टेवल नं- १**

| क्र.सं | विषय शिर्षक | विषय वस्तु | सामग्री प्रकार | स्रोत/प्रकाशन मिति |
|---|---|---|---|---|
| १. | आन्दोलनका गीत | ४६ को आन्दोलनमा गीत | समालोचना | नवयुग, वि.सं. २०७३ |
| २. | 'गाउँ गाउँबाट उठ' सार्वजनिक | चेतनाको प्रमुख औजार गीत | समाचार | हिमाल खबर, वि.सं. २०७५ |
| ३. | एक जुगका गायक रामेश | आन्दोलन उचाल्ने गीत | न्युज स्टोरी | अन्नपूर्ण पोष्ट, वि.सं. २०७४ |
| ४. | गायक रामेशको यात्रा वृत्तचित्र | आन्दोलनमा गीत इतिहास | समाचार | हिमालखबर, वि.सं. २०७३ |
| ५. | गीतको शक्तिः हिजो र आज | पञ्चायत र प्रगतिशील गीत | न्युज स्टोरी | एभरेष्ट खबर, सन् २०१९ |


email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

| | | | | |
|---|---|---|---|---|
| ६. | ओभ्रेलमै बाँचिरहेका जनगायक | जनमत/राजनीतिक परिवर्तन | न्युज स्टोरी | फरकधार, वि.सं. २०७८ |
| ७. | नेपालको जनवादी सङ्गीत | आन्दोलनमा प्रगतिशील गीत | न्युज स्टोरी | बुधबार साप्ताहिक, वि.सं. २०७४ |
| ८ | गीत-सङ्गीतको समय | जागरणका गीतको प्रतिबन्ध | न्युज स्टोरी | हिमाल खबर, वि सं २०७१ |
| ९. | निभाको चैत ३ को सम्झनाः | जनआन्दोलनमा कलाकार | फिचर लेख | कान्तिपुर, वि.सं. २०७६ |
| १०. | ''Nepal's most iconic revolutionary song'' | Songs in Political Change | Feature. Story | Kathmandu post, 2021 |

प्रगतिशील कलाकारहरूले अन्य विधा, तह तप्काका सङ्घ संस्थाहरूसङ्ग मिलेर जन आन्दोलन- वि.सं. २०४६), र वि.सं. २०६२-६३ का आन्दोलनमा प्रत्यक्षरूपमा सघाएका थिए । एकातिर पञ्चायतको प्रादुर्भाव भएदेखि नै राल्फा अभियानमार्फत राजनैतिक चेतना अभिवृद्धिमा सहयोग पुर्याइरहेका थिए भने अर्कातिर आन्दोलनमा तत्कालिन राजनैतिक व्यवस्थाविरूद्ध क्रियाशील रहँदै आएका थिए । कान्तिपुरका अनुसार- "वि.सं. २०४६ सालको जनआन्दोलनमा समाज जुर्मुराइरहेको बेला चैत्र ३ गते लेखक, कवि तथा प्रगतिशील गायक सङ्गीतकारहरुले पनि सक्रिय सहभागिता दर्शाएका थिए । उक्त दिनको कार्यक्रममा शान्तिपूर्ण धर्ना कार्यक्रममा गायक रामेश र शार्दुल भट्टराईलाई पञ्चायतीहरुले बढी निसानामा पारेका थिए" (कान्तिपुर, वि.सं. २०७६) । आन्दोलनमा २०० भन्दा बढी लेखक कवि, कलाकारहरु पक्राउ गरिएकोमा प्रगतिशील सांस्कृतिककर्मी रामेश र सार्दुल भट्टराईलाई बढी निशाना साँध्नुले तुलनात्मक रूपमा अन्य विधाको तुलनामा प्रगतिशील गीतले पञ्चायती व्यवस्थालाई बढी दबाबमा पारेको प्रति समाचार केन्द्रित रहेको पाइयो।

प्रगतिशील गीतले प्रशासनिक दमनका बाबजुत पनि राजनैतिक चेतना र जागरण फैलाउने कार्य गर्दा अनेकन यातना खेप्नु परेको थियो । "हिजो जनताका गीत गाउनेहरुलाई जेल हाल्थे, सुन्नेको कान फुटाइन्थ्यो, तर अहिले आफ्नो कुरा सहजै भन्न पाइन्छ" (अन्नपूर्णपोष्ट, वि.सं. २०७४) । उक्त भनाइले प्रगतिशील गीतको प्रभाव र दबाबको दुवै अवस्था जनमानसमा विद्यमान रहेको र ती गीत सुनेर व्यवस्था विरोधी जनमत बढिरहेको कुरा प्रशासनले महसुस गरेको बुझ्न सकिन्छ । यसबाट राजनीतिक चेतना भर्न आन्दोलनका लागि माहोल बनाउन, परिवर्तनको पक्षमा जनतालाई उराल्न, र आन्दोलनमा जनमत बटुल्न गीतको भूमिका थियो भन्ने कुरा मिडिया सामग्रीको कोणबाट बुझ्न सकिन्छ । उल्लिखित वि.सं. २०४६, वि.सं. २०६२-६३ अघिका घटना, विषयवस्तुलाई मिडियाले गणतन्त्रको स्थापनापछि पनि समेत प्रकाशनमा ल्याउनुमा आन्दोलनमा गीति भूमिकाको बोध नै हो भन्न सकिन्छ ।

**टेवल नं- २**

प्रगतिशील गीतका समाचारीय विषयवस्तु र मिडिया (वि.सं. २०७३- २०७८)

| क्र. स. | विषय शिर्षक | विषय वस्तु | सामग्री प्रकार | स्रोत/ प्रकाशन मिति |
|---|---|---|---|---|
| १. | जनता रहुन्जेल गीत रहन्छ | राल्फा र सामाजिक चेतना | न्युज रिपोर्ट | कान्तिपुर, वि.सं. २०७५ |
| २. | टुहुरो जनवादी गीत | आन्दोलनका गीति समस्या | अन्तर्वार्ता | कान्तिपुर, वि.सं. २०७४ |
| ३. | रामेशको गर्जनः जनता महान | गीत, समाज, आन्दोलन | न्युज रिपोर्ट | अन्नपूर्ण पोष्ट, वि.सं. २०७४ |
| ४. | कलाकारको राजनीतिमा भाग | कलाकारको दलीय उपयोग | न्युज रिपोर्ट | गोरखापत्र, वि.सं. २०७४ |
| ५. | मजदुर, किसानका गायक | नेपाल स्पायरर रामेश | फिचर स्टोरी | शुभदिन, सन् २०१८ |
| ६. | यसरी रचियो गाउँ गाउँबाट | सामाजिक जागरण र परिवर्तन | न्युज फिचर | शिलापत्र, वि.सं. २०७८ |
| ७. | गीतले बामपन्थी जागरण | सामाजिक जागरण | अबिच्युरी | सेतोपाटी, वि.सं. २०७८ |
| ८ | गरिबीका गीत गाउने जीवन शर्मा | गीत, समाज र सङ्गठन | फिचर, | नागरिक, वि.सं. २०७५ |
| ९ | गायक टुहुरे भन्छन् | समाज परिवर्तन, गीत, योगदान | समाचार | नयाँपत्रिका, वि.सं. २०७७ |
| १० | the-left-turn-of-music | Social Movement by Song | Newsreport | Kathmandu post, 2016 |
| ११ | ''Revolutionary Songs" | Socio-Pol. Change-2007 | Newsreport | BBC, A.D. 2017 |


email: journalfinearts@gmail.com

राजनीति र समाज एक अर्काबीच परिपूरक छन् । राजनीतिले सामाजिक जीवनका आम विषयवस्तुलाई समेत प्रभाव पारेको हुन्छ । यस अर्थमा राजनैतिक परिवर्तन भनेको सामाजिक परिवर्तन पनि हो । साम्यवादी दलहरूले प्रगतिशील गीतलाई राजनीतिक उद्धेश्य परिपूर्तिको साधन बनाएको भएता पनि उनीहरुका आम गीति विषयवस्तुले तात्कालीन सामाजिक जीवनको यथार्थिकरण गर्दै राजनैतिक परिवर्तन प्रतिका आशा, उत्सुकता, स्वप्न, जागृत गर्ने र भविष्यदृष्टि सञ्चार गर्ने काम गरेको देखा पर्दछ । यस सन्दर्भमा उनीहरूले मुलरूपमा समाज सामु निरन्तर दुई मुद्धाहरु- महिला मुक्तिको लैङ्गीक सवाल र जातभात छुवाछुत सम्बन्धी दलित अधिकारको सवाल उठाएका थिए । तत् उपरका सामग्रीलाई जोडेर समेत नेपाली मिडियाले समाचारमूलक सामग्री तयार पारेको अध्ययनमा देखिन्छ । महिला मुक्तिका गीत गाएर सामाजिक चेतना फैलाउने गायकहरूमा जेवी टुहुरे अग्र पङ्तिमा देखिन्छन् । टुहुरे भन्छन् -"आमा दिदी बहिनी हो' बोलको गीतले महिलाहरूलाई मात्र नभई र आम जनतालाई जागृत बनाएको थियो । हाम्रा गीतको चेतनाले उठेका धेरै महिला कम्युनिष्ट पार्टीमा आवद्ध हुँदा महिलाहरूको जनमत बढेर गएको थियो, अन्ततः २०४६ सालको जन आन्दोलनसम्म आइपुग्दा उनीहरू मध्ये कतिपय पार्टी नेतृत्वमा समेत पुगे"(News24, 2021) । उक्त भनाइले महिला मुक्तिका प्रगतिशील गीत सुनेर त्यसको चेतनाबाट अखिल नेपाल महिला सङ्घमा आवद्ध हुँदै जन आन्दोलनको तहसम्म आइपुगेको देखिन्छ । उक्त गीतकै कारण टुहुरे पटक पटक जेल परेको, यातना खेपेको देखिन्छ । यसबाट प्रगतिशील गीतले चुल्हो, चौको, घर, धन्दाको जीवनबाट महिलाहरुलाई राजनीतिको मुलधारमा ल्याउन प्रेरित गरेको देखिन्छ । उक्त भूमिका अन्ततः मात्रात्मक अवस्थाबाट गुणात्मक अवस्थामा रुपान्तरण हुन पुग्दा गीतले राजनीतिक परिवर्तनको पक्षमा जनमत निर्माणको कोणबाट ती समाचार सामग्री तयार भएका देखिन्छन् । महिला अधिकारका गीत गाउने ती श्रष्टाहरूलाई राजनीतिक परिवर्तनको अभियन्ताका रूपमा प्रस्तुत गर्नुले आन्दोलनमा गीतको भूमिकाको बारे पाठकलाई सुचित गर्न चाहेको स्पष्ट हुन्छ ।

यसैगरी प्रगतिशील गीतले समाजमा विद्यमान जातिय विभेदका विषयवस्तु उठान गरी समाजमा जातिपाति छुवाछुत विरूद्धसमेत चेतना र जागरण ल्याएका थिए । यस्ता सामाजिक विषयवस्तुलाई समेत मिडियाले समाचारीय सामग्री बनाएका थिए । "मानिस छुत अछुत हुन्छ म भन्दै भन्दिनँ, जाति र पाति छुट्याउने रित म मान्दै मान्दिनँ" भन्ने बोलको गीतले वर्णाश्रम प्रणालीमाथि प्रहार गरेको थियो । त्यस्ता गीतले युवाहरु र दलितवर्गलाई राजनीतिमा तान्न प्रेरित गरेको थियो,"(उपाध्याय, वि.सं. २०७७) । यस्ता गीति सृजनाले सदियौंदेखि सामन्ती समाजद्वारा निर्मित जातीय विभेद र दलितमाथिका अमानवीय चिन्तन र ब्यवहार माथि प्रहार गरे । त्यसले सामन्ती रूढ चिन्तनको जरो हल्लाई दियो । जातीय असमानताको अवस्थालाई समाजसामु खुलस्त पारिदियो । जातीय विभेद भोगिरहेकाहरूको आत्मस्वाभिमानलाई जागृत गराइदियो । यसले समाजमा जातीय अन्तर्घुलनका अवस्थाहरू सिर्जना गरेको पाइन्छ ।

जातीय छुवाछुतको विरूद्धको गीति चेतनाले राजनीतिक परिवर्तनका निम्ति जनमत तयार पार्नमा भूमिका खेलेको कुरालाई उक्त मिडियाले समाचारीय कोण बनाएको देखिन्छ । उक्त भनाइलाई सम्पुष्टि गर्न एक विदेशी अध्येताको भनाई उल्लेख गर्न सान्दर्भिक हुन्छ "This cultural work- conceived as the first step in the enlightenment of the people-progressive songs were the most important component," (Grandin, 1996-175-189) । यस भनाईलाई भावानुवाद गर्दा, यो सांस्कृतिक कार्य- जनताको ज्ञानको पहिलो पाइलाको रूपमा शुरु गरिएको- थियो, जसमा प्रगतिशील गीतहरू सबैभन्दा महत्वपूर्ण घटक थिए भन्ने बुझिन्छ । जन आन्दोलनमा सामाजिक विषयवस्तुलाई केन्द्रित गरी सांस्कृतिक रूपमा प्रयोग भएका, नृत्य, कविताहरूको तुलनामा सबैभन्दा धेरै प्रगतिशील गीत महत्वपूर्ण रहेको भन्ने विचारले समेत राजनीतिक परिवर्तनमा प्रगतिशील गीतको भूमिका रहेको पुनर्पुष्टि गर्न थप आधार सृजना गर्दछ । प्रस्तुत सन्दर्भको छलफलबाट राजनैतिक गीति चेतनामूलक भूमिकाहरूको गुणात्मक असर जन आन्दोलनमा पर्न गएको, गीत आन्दोलनको औजारका रूपमा प्रयोग हुन गएको, र गीति सांस्कृतिक भूमिकामार्फत राजनैतिक परिवर्तनको आन्दोलनलाई सहयोग पुर्याएको कुरालाई नै मिडियाहरूले समाचारीय कोणका रूपमा प्रस्तुत गरेको यथार्थ प्रकट हुन पुग्दछ ।

उल्लिखित विभिन्न नेपाली मिडियामा प्रकाशित सामग्रीहरूमा व्यक्त विचार, दृष्टिकोण र तथ्यहरूका आधारमा नेपाली मिडियाको समाचारीय कोण पहिचान गर्दा मिडियाले गीति भूमिकाका आधारमा व्यवस्था विरोधी चेतनामा गीतको एङ्गलबाट विषयवस्तु चयन गरेको, ती गीतले जागरणमूलक, सचेतनामुखी र वैचारिकरुपमा समेत भूमिका खेलेको देखिन्छ । पञ्चायतले प्रगतिशील गीतलाई प्रतिबन्ध लगाएको अवस्थामा ती गीत साम्यवादी आन्दोलनसङ्ग जोडिन पुग्दा

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**


त्यसले सांस्कृतिक क्षेत्रको समेत शक्ति प्राप्त गरी गीत र राजनीतिक उद्धेश्यको मेलबाट आर्जित् सांस्कृतिक शक्तिको समेत संयोजनकारी भूमिकाबाट प्रजातान्त्रिक आन्दोलनमा प्रगतिशील गीत राजनैतिक उद्धेश्यको सहयोगी अङ्ग बन्न पुगेको विषयवस्तुलाई समाचारीय कोणका रूपमा प्रस्तुत गरेको देखिन्छ । राजनैतिक परिवर्तन वि.सं. २०४६, वि.सं. २०६२-६३ मा प्रगतिशील गीतको भूमिकालाई  मिडियाले पाठक, अध्येतासमक्ष निरन्तर सम्प्रेषित गर्नु आन्दोलनमा गीतको भूमिकाको स्वकारोक्ति नै हो भन्ने  मान्न सकिन्छ । यसलाई स्पष्टरूपमा तल प्रस्तुत टेबल नं.४ बाट समेत प्रष्ट पर्ने कोशिस गरिएको छ ।

प्रगतिशील गीतको योगदानलाई टेवलमा प्रस्तुत गरिएनुसार प्रगतिशील गीतले मूलरूपमा राजनीतिक, सामाजिक चेतना, जागरणका मध्यमबाट जनमत निर्माणको काम गरेको देखा पर्दछ ।  प्रजातन्त्रको पुनर्स्थापनाका निम्ति प्रगतिशील गीतको योगदानलाई मूल दुईवटा पक्षबाट हेरेको थियो, जसमा, प्रगतिशील गीतको पञ्चायत विरुद्धको क्रियाशीलता, र गीतले ल्याएको सामाजिक, राजनैतिक चेतना । मिडियाले पनि तिनै विषयवस्तुलाई प्रकाशन प्रधानता दिएको पाइन्छ । गीतले राजनैतिक परिवर्तनको एजेण्डालाई जन मानसमा पुर्याएको, त्यसले जागृत गरेका मानिसहरूलाई आन्दोलनसम्म तान्ने काम गर्दा  गीत प्रजातन्त्र प्राप्तिको आन्दोलनको एक सांस्कृतिक औजार रहन पुगेको स्पष्ट हुन्छ । र तिनै विषयवस्तुका आधारमा ती गीतले व्यवस्था परिवर्तनको आन्दोलनमा आफ्नो भूमिका देखाउन सकेको मूल विषयवस्तु नै मिडियाकोणका रुपमा रहेको अवस्था प्रत्याभूत हुन पुग्दछ । उल्लिखित विभिन्न सञ्चार माध्यममा प्रकाशित सामग्रीहरूले समेत प्रगतिशील गीतले राजनैतिक परिवर्तनमा खेलेको भूमिकालाई समाचारिय कोण बनाई समाचार तथा समाचारमुलक सामग्री प्रसारण भएबाट स्पष्टतः नेपालको राजनैतिक परिवर्तनमा प्रगतिशील गीतको भूमिका र सो बमोजिम नेपाली मिडियाको समाचारीय कोण तयार भएको महसुस गर्न सकिन्छ ।

**प्रगतिशील गीतको भूमिका**

राल्फा, संकल्प, वेदना, रक्तिम, आस्थाआदिले गाएका प्रगतिशील गीतको समाजमा ठुलो प्रभाव पारेको थियो । तिनका गीतले राजनैतिक चेतनाको अभिवृद्धि, र जनशक्ति निर्माणमा सहयोग पुर्याएका थिए ।

**टेवल नं ४**




यस सन्दर्भमा केही उदाहरणहरू उल्लेख गर्न सकिन्छ । राल्फाका प्रगतिशील गीत सुनेका रघुजी पन्त, खेमराज नेपालीजस्ता थुप्रै व्यक्तित्वहरू प्रजातन्त्र पछि प्रतिनिधि सभा सदस्य बन्न पुगे । राल्फा, संकल्प प्रगतिशील गीतबाटै प्रवाहित भई बामपन्थी विचारधारा अंगालेका झापाका देवराज घिमिरे हाल प्रतिनिधि सभाको सभामुख छन् । पञ्चायतकालमा राल्फा संकल्पका प्रगतिशील गीत सुन्दा सुन्दै त्यसको राजनैतिक चेतनाले उठेका झापाकै देवेन्द्र दाहाल हाल राष्ट्रिय सभाको मुख्य सचेतक छन् । बामपन्थी नेता जितु गौतम प्रगतिशील गीतको राजनीतिक चेतनाको प्रभावबाट राजनैतिक विचार र नेतृत्वको विकास गर्दै पूर्व मन्त्रीसमेत भइसकेका छन् । पहिलो पटक आफ्नो गाउँ भोजपुरको सिद्धेश्वर माविमा राल्फाका प्रगतिशील गीत सुनेका श्याम तमोट त्यही दिनबाटै उनले आफ्नो विचार बदले र प्रगतिशील गीत लेख्न थाले । गीतकार, प्राज्ञ सभा सदस्य भए । बामपन्थी नेता राजेन्द्र गौतम पनि तिनै प्रगतिशील गीतको प्रभावले बामपन्थी राजनीतिमा क्रियाशील छन् । हाल उनि नेकपा (एमाले) को पोलिटब्युरो सदस्य छन् । गीतबाटै मानिसको धारणा कसरी परिवर्तन भयो भन्ने प्रश्न उठ्दछ । टुहुरे भन्छन् - "प्रगतिशील गीतले चेतना दिन्थ्यो । चेतना विचारमा रुपान्तरण भयो । त्यसले पार्टी सङ्घ सङ्गठनका ढोका र कोठासम्म पुर्याई दिने काम गर्यो । पार्टीले त्यसलाई सिद्धान्त र विचारको प्रशिक्षण दिएर नेतृत्वको विकास गरायो । पञ्चायतकालमा यसै प्रक्रियाबाट सयौं कार्यकर्ता, हज्जारौं समर्थक, शुभेच्छुकहरू


 email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2022 Volume 4 Issue 2**
**Peer Reviewed Research Article**

कम्युनिष्ट पार्टीमा आवद्ध हुँदै गए, र राजनैतिक परिवर्तनका आन्दोलनहरूमा जोडिँदै आए । (वि.सं. २०७६/०९/२६/ अन्तर्वार्ता) । यसरी नेपालको बामपन्थी आन्दोलनमा असंख्य मानिसहरू प्रगतिशीलको प्रभावले राजनीतिमा सक्रिय भए । वर्तमान भोजपुर प्रदेश सांसद जयन्ति राई, झापाकी पूर्व सांसद पवित्रा सिटौला, प्रगतिशील गीति चेतनाकै कै उपज हुन् । जो पञ्चायतकालमा प्रगतिशील गीत गाउँदै कार्यक्रम गर्दै हिंड्थे ।

यसैगरी पञ्चायतकालमा बामपन्थी र प्रगतिशील कलाकारहरूले अन्तर्जातीयविवाह गरेर त्यसलाई समाजमा प्रोत्साहित गर्ने काम गरेका थिए । प्रगतिशील गायिका लक्ष्मी वार्देवाले ब्राम्हणसंग विवाह गरिन् भने पोखराकी दुर्गा परियारले गुरुङ जातका पुरुषसंग विवाह गरिन् । बामपन्थी नेता अमृत बोहरा र अष्ट लक्ष्मी शाक्यको पनि अन्तर्जातीय विवाह थियो । उक्त कार्यले समाजमा अन्तर्जातीय अन्तर्घुलन, अन्तर्जातीय सहिंष्णुता, र जातीय समानताको सकारात्मक सन्देश प्रवाह गरेको थियो । यसबारेमा नेपाल भन्छन्-"प्रगतिशील गीतको चेतनाले कतिको परिवारमा अन्तर्जातिय विवाह समेत भयो । मगर, गुरुङ, राई लिम्बुहरूले बाहुन क्षेत्रीका छोरीहरूसंग विहे गर्न थाले । नेवार र बाहुन, क्षेत्रीबीच विवाहको लहरनै चल्यो । त्यसको सुरुवात प्रगतिशीलहरूले गरेका हुन् । प्रगतिशील गीति अभियानमा हिंडेका कतिपयले अन्तर्जातीय विवाह गरेका थिए । केपी शर्मा ओली, अमृत कुमार बोहोरा, शङ्कर पोखरेल, उदय श्रेष्ठ, शम्भु राई र हामी दुईको जोडी नै एक उधाहरण हो,"( वि.सं.२०७६/०९/२२/अन्तर्वार्ता) । प्रगतिशीलहरूका छुवाछुत विरोधी गीति चेतनाले दलित र गैर दलितबीच हेलमेल बढ्यो, सामाजिक अन्तरक्रिया शुरु भयो, अन्तर्जातीय वैवाहिक सम्बन्धमा समेत सुधार आयो । गीति चेतनाले दलितहरूको आत्मसम्मान बढायो । यसरी नेपाली समाजमा असंख्य मानिसहरू गीतको प्रभावका कारण बामपन्थी राजनीतिमा आए । अन्ततः यो सबै शक्ति वि.सं. २०४६ सालको जन आन्दोलनमा मिसिन पुगेको थियो । यो मात्रात्मकबाट गुणात्मक भूमिकामा रुपान्तरण हुन पुगेको थियो । राजनैतिक चेतनाको अभिवृद्धिमार्फत त्यसको जग, परिवेश र पृष्ठभूमि निर्माण गर्दै वि.सं. २०४६ को राजनीतिक परिवर्तनको आन्दोलनमा तिनको भूमिका रहन गएको हो । टुहुरे भन्छन्- जन आन्दोलनको क्रममा गीति कार्यक्रमकै शिलशिलामा म धरानबाट पक्राउ परें । प्रजातन्त्र आउँदा म जेलमै थिएँ, (वि.सं. २०७६/०९/२६/ अन्तर्वार्ता) । यसरी जन आन्दोलनको क्रममा गीत गाउँदा गाउँदै गर्दा थुप्रै प्रगतिशील कलाकारहरू जेल परेका थिए । 'गाउँ गाउँबाट उठ बस्ति बस्तिबाट उठ, यो देशको मुहार फेर्नलाई उठ' बोलको गीत लेखेकोमा प्रगतिशील गीतकार २-२ पटक जेल परे । कार्की भन्छन्-"प्रगतिशील गीति कार्यक्रमकै शिलशिलामा म दोलखा जेलमा ५ महिना थुनिएँ, म संग जेलमा बस्नेमा टङ्क कार्की र राजेन्द्र पाण्डे पनि हुनुहुन्थ्यो,(वि.सं. २०७६/१०/ २६/अन्तर्वार्ता) । रामेश भन्छन् - जन आन्दोलनमा कलाकार माथि निर्मम लाठीचार्ज भयो । चैत्र ३ गतेको कार्यक्रम २०० जना कवि कलाकार लेखक पक्राउ परेकोमा शार्दुल भट्टराई र मलाई आइन्दा यस्ता गीत नगाउन भनि धम्क्याउँदै भोलि पल्ट मात्र छोडिएको थियो,'' (वि.सं. २०७६/१२/१२) । यसरी प्रगतिशील गीतले सामाजिक राजनैतिक चेतना, जागरणमार्फत जनमत निर्माण गर्दै ल्याउँदै उक्त जनमत वि.सं. २०४६ र २०६२-६३ का जन आन्दोलनहरूमा जोडिन पुगेको थियो । यस्ता केही उधाहरणले राजनैतिक परिवर्तनका निम्ति प्रगतिशील गीत र त्यसमा संलग्न श्रष्टाहरूको भुमका रहेको देखा पर्दछ ।

**मिडियाको समाचारीय कोण: टेवल नं ३**




**निष्कर्ष**

विभिन्न छापा तथा अनलाइन सञ्चार माध्यमबाट प्राप्त गरिएका तथ्य, तथ्याङ्क, त्यस माथिको विश्लेषणका आधारमा भन्नु पर्दा, नेपालमा राजनीतिक परिवर्तनका निम्ति भएको २०४६ को जन आन्दोलनमा प्रगतिशील गीतको भूमिका सामाजिक, राजनैतिक चेतना, जागरण, जनमत निर्माण, जन सञ्चार र जन सम्बन्ध सुत्रको रूपमा देखियो । पञ्चायती

व्यवस्थाको प्रादुर्भाव भए देखि नै देशव्यापी रूपमा वर्गीय, जातीय, लैङ्गीक र उत्पीडनका विरूद्धमा गीतले जन आन्दोलनको आधार निर्माण गर्दै उक्त वर्गलाई राजनैतिक आन्दोलनको अवस्थासम्म तान्ने काममा भूमिका खेलेको कुरालाई मिडियाले समाचारीय विषयवस्तु बनाए । गीतले आर्जन गरेको जनशक्ति समेत आन्दोलनमा जोडिएको र राजनैतिक परिवर्तनका निम्ति आवश्यक पर्ने राजनैतिक, सामाजिक चेतना, व्यवस्था विरोधी मनोदशा र मनस्थिति निर्माण गर्न प्रगतिशील गीतले भूमिका खेलेका हुन । यसबाट प्रगतिशील गीतको प्रभावका कारण आर्जन भएको सामथ्य रशक्ति जन आन्दोलन (वि.सं. २०४६)मा मिश्रण हुँदा त्यसले सङ्ख्यात्मक, गुणात्मक दुबै रूपबाट राजनैतिक परिवर्तनमा भूमिका खेलेको थियो । यस अध्ययनको समग्रतामा भन्नु पर्दा, त्यो बेला प्रजातान्त्रिक आन्दोलनको निर्णायक शक्ति तात्कालीन नेपाली काङ्गेस र संयुक्त बाम मोर्चा भएता पनि दलहरूको भूमिकाले मात्र राजनैतिक परिवर्तन संभव नभई विभिन्न वर्ग, तह, तप्काको समेत भूमिका रहन गएको परिप्रेक्षमा प्रजातन्त्र पुनः स्थापनाको उद्धेश्य पुरा गर्ने सन्दर्भमा नेपाली मिडियाको दृष्टिकोणबाट समेत हेर्दा प्रगतिशील गीतको पनि सहयोगी भूमिका रहेको थियो ।

**सन्दर्भ सूची**

अधिकारी, अशोक (२०१८, अप्रिल २०). मजदूर, किसान र श्रमजीवी जनताका गायक. *शुभदिन ।*

अधिकारी, सूर्यमणि (वि.सं. २०५५). *नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास.* नई दिल्लीः निराला पब्लिकेशन्स ।

आम सञ्चार नीति २०७३ एवम् नियामक निकाय सम्बन्धि संरचना. *सूचना तथा सञ्चार सम्बन्धी उच्चस्तरीय समिति, सिंहदरबार* ।

इकान्तिपुर ( वि.सं. २०७८, भाद्र १८). जेबीका जीवन-आलापहरू. रामेशसँगको अन्तर्वार्ता. *इकान्तिपुर* https://ekantipur.com/koseli/2021/09/03/163066910748758825.html

उपाध्याय, कृष्ण (२०७७, भदौ ७). सैंतीस सालको विद्यार्थी आन्दोलनको सामाजिक र राजनीतिक प्रभाव *We Nepali,* https://www.wenepali.com › 2020/08

कार्की, कुमार (वि.सं. २०७६, माघ २६). *प्रतिशील गीत, भूमिका र आयामहरूका सम्बन्धमा अनुसन्धाता आफैंले लिइएको अन्तर्वार्ता,* अनामनगर काठमाडौं ।

भट्टराई, कृष्ण साप्ताहिक, (सन् २०१९). टुहुरो जनवादी गीत. https://tinyurl.com/58zpkxy8

कान्तिपुर (वि.सं. २०७५ जेठ ६). किन मन दुखाउँछन् टुहुरेजस्ता संस्कृतिकर्मीहरु?, *Nepal Live* https://nepallive.com/story/257781

गुरागाईं, लेखनाथ, (वि.सं. २०७३). श्याम तमोटका आन्दोलनका गीतहरूको विवेचना. *नवयुग* ।

गौतम, राजेश (वि.सं. २०६६). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली काङ्गेस* भाग दुई. काठमाडौ ।

टुहुरे, जेबी (वि.सं. २०४७). आमा दिदी बैनी हो कति बस्छौ दाशी भई. *संकल्प परिवार. भाग १* ।

टुहुरे, जेबी (वि.सं. २०७५ पौष २६). *प्रगतिशील गीतका भूमिकाहरूका सम्बन्धमा अनुसन्धाता आफैंले बल्खु, काठमाडौंमा लिइएको अन्तर्वार्ता।*

तमोट, श्याम (वि.सं. २०४७). गाउँ गाउँबाट उठ, बस्ति बस्तिबाट उठ, यो देशको मुहार फेर्नलाई उठ. *जनताका गीतहरू. भाग १.* काठमाडौंः पैरवी प्रकाशन ।

प्यासी, नविन ( वि.सं. २०७७ बैशाख ५). गायक टुहुरे भन्छन्, *नयाँ पत्रिका ।* https://tinyurl.com/48ek3uj2

पौडेल, राजु ( वि.सं. २०७५ जेठ १९). गरिबीका गीत गाउने जीवन दाई. *नागरिक न्युज.* https://nagariknews.nagariknetwork.com/others/150484-1527911460.html

मञ्जुल, मेघराज (वि.सं. २०४४). हामीले गाउने गीत मजदुरहरूको. *सम्झना पाइलाहरू. राल्फा* ।

मञ्जुल, रामेश,(वि.सं. २०४७). कोही त भने जहाजमा हरर, कोही त भने पसिना तरर, हाम्रो नेपालमा. *जनताका गीतहरू. भाग २.*

रिमाल, गोपालप्रसाद (वि.सं. २०४९). एक जुगमा एकदिन एकचोटी आउँछ. *जीवनको नाम, (Name of life) आस्था.*

शर्मा, जीवन (सन् २०२०). कालो धन थुपारेर ढल्की हिंड्नु भन्दा, हलो जोत्नु गिटी कुट्नु, होला राम्रो धन्दा, *रक्तिम परिवार।*

दाहाल, रमेश ( वि.सं. २०७६, भदौ १८). गीत-सङ्गीतमा परिवर्तनको मर्म. *चौतारी पोष्ट अनलाइन.*

नेपाल, प्रदीप (वि.सं. २०७६ पौष २२). *जनशक्ति निर्माणमा प्रगतिशील गीतका सम्बन्धमा अनुसन्धाता आफैंले पेप्सीकोला काठमाडौंमा लिइएको अन्तर्वार्ता ।*


email: journalfinearts@gmail.com

नेपाल कानुन आयोग (सन् २०२१, मार्च ). नेपालको संविधान वि.सं. २०१९ तेस्रो संसोधन, *नेपाल कानुन आयोग* https://lawcommission.gov.np/np/wp-content/uploads/2021/03AF.pdf

बस्नेत, बबिता (वि.सं. २०७५ फागुन ८). गीतसँग किन डरायो सरकार?. *घटना र विचार.* https://www.ghatanarabichar.com/138519

बुधबार साप्ताहिक (वि.सं. २०७४, आश्विन). जनवादी सङ्गीतको अत्येष्टि? *इबुधबार* https://tinyurl.com/yzem5y7y

बीबीसीन्युज नेपाली (२०१७, जुन १). रेडियोकी प्रथम गायिका रानुदेवि. *BBC NEPALI.* https://www.bbc.com/nepali/news-39973739

भट्टराई, कृष्ण (वि.सं. २०७६, पौष २). टुहुरो जनवादी गीत, *कान्तिपुर साप्ताहिक* https://saptahik.com.np/music/2019/12/18/20191218115641

निभा, विमल ( वि.सं. २०७६, चैत्र ३). विमल निभाको चैत ३ सम्झना : कालोपट्टीदेखि कालोपट्टीसम्म. *इकान्तिपुर.* https://ekantipur.com/feature/2020/03/16/158433902942715006.html

राई (२०१९ मार्च ५). गीतको शक्तिः हिजो र आज. रिपोर्ट. *एभरेष्ट खबर* everestkhabar.com/2019/03/2938

वन्त, प्रत्यष, पराजुली शेखर र अन्य (सन् २००४). *रेडियो नेपालको सामाजिक इतिहास.* काठमाडौँः मार्टिन चौतारी ।

वन्त, प्रत्युस, पराजुली, रमेश र रमा पराजुली (वि.सं. २०६०). मिडियाको चिरफारः केही सामाजिक सन्दर्भ. काठमाडौँः *मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र ।*

वन्त, प्रत्युस (वि.सं. २०६१). पुस १ पछि पञ्चायत प्रचार. *कान्तिपुर दैनिक.* पुस १. पृ. ६ ।

वस्ती, विवस ( वि.सं. २०७४ बैशाख २०). सदाबहार प्रतिपक्षी. *अन्नपूर्ण टुडे.*

शाह, श्री ५ महेन्द्र वीर विक्रम (वि.सं. २०२२). श्री ५ महाराजधिराजबाट बक्सेका घोषणा भाषण र सन्देशहरू. काठमाडौँः प्रचार विभाग. *पञ्चायत मन्त्रालय श्री ५ को सरकार ।*

शीरीष, दिल (वि.सं. २०७४ असार १२). रामेशको गर्जन, जनता महान. *अन्नपूर्ण पोष्ट.* युवराज घिमिरे (सम्पा.). बर्ष १६. अङ्क ५६. काठमाडौँः नेपाल न्युज नेटवर्क इन्टरनेश्नल प्रालि. पृ. १६।

श्रेष्ठ, नविन प्रकाश (वि.सं. २०७५, भदौ ९). सीताला माजु. *अन्नपुर्णपोष्ट.* https://tinyurl.com/yc7jnms2

श्रेष्ठ, रामेश (वि.सं. २०७६ चैत्र १२). प्रगतिशील गीतका भूमिकाहरूका सम्बन्धमा अनुसन्धाता आफैंले छाउनी, स्वयम्भु काठमाडौँमा लिइएको अन्तर्वार्ता।

भट्टराई, तिर्थ,(वि.सं. २०७६ भदौ ३१). १७ भाषामा अनुवाद भइसकेको गीत "गाउँ गाउँबाट उठ, बस्ती बस्तीबाट उठ", *समय पोष्ट* https://www.samayapost.com/09/107147.html

सायमी, प्रकाश (वि.सं. २०७५, फागुन २५). सिर्जनामा प्रतिबन्ध कथा. *अन्नपूर्ण पोष्ट.* shorturl.at/btBNT

Baral, L. R.(1975). *The Press in Nepal (1951-74). Contributions to Nepalese Studies.* 2. February Special Coronation Issue: 169-186).

Chauhan R. S. (1971). *The Political Development in Nepal (1950 -70): Conflict between Tradition and Modernity*. New Delhi: Associated Publishing House.

Ghimire, R. (1992). Contributions to Nepalese Studies. Volume-19. NO 2. Kathmandu: *CNSU Journal/TU Kirtipur*.

Grandin, I. (1996). To change the face of the country: Nepalese progressive songs under Panchayat democracy. *Journal South Asian Literature, pin University post print-Sweden.*

Khadgi, A. (2021). the birth of life of Nepal's most iconic revolutionary song. *The Kathmandu post.* https://tinyurl.com/4s33zupx

Pant, Kumudini ( 2021, June 27). The man behind Nepal's most popular protest song. Profile. https://tinyurl.com/29j2m8tr